# 'सहस्राब्दीपछिको विकास लक्ष्य थप चुनौतीपूर्ण'

कारोबार संवाददाता

काठमाडौं, १ साउन

जलवायु परिवर्तन र विश्वव्यापी आर्थिक संकटजस्ता कारणले सहस्राब्दी विकास लक्ष्यपछिको विकास अझै चुनौतीपूर्ण रहने विज्ञहरूले बताएका छन् ।

उनीहरूले सन् २०१५ पछि पूरा गर्न नसकिएका सहस्राब्दी विकास लक्ष्य र जलवायु परिवर्तन र दिगो विकासजस्ता नयाँ चुनौतीहरूमा विकास सहायताको भरपुर उपयोगमा जोड दिए । युरोपेली विकास प्रतिवेदनमा नेपालको अवस्था सम्बन्धमा गरिएको अध्ययनमा सन् १९९० पछि नेपालले हासिल गरेका प्रगति, मजबुरी र बाधाहरूका तथा दातृ निकायको भूमिका र सहस्राब्दी विकास प्रभाव उल्लेख गरिएको छ । यसबाहेक, अर्थतन्त्रले सामना गरिरहेका मुख्य बाधा र अवसरहरूबाट दातृ पक्षलाई राष्ट्रिय विकास रणनीतिमा अझै राम्रो सहयोगबारे सुझाइएको छ ।

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट (सावती) र सेन्टर फर द स्टडी अफ लेवर एन्ड माइग्रेसनले संयुक्त रूपमा आयोजना गरेको गोष्ठीमा विज्ञहरूले, सन् २०१५ पछि विकास ढाँचामा तय गर्नुपर्ने नयाँ आधारहरूका सम्बन्धमा धारणा राखेका छन् ।

"सहस्राब्दी विकास लक्ष्यले विश्वव्यापी सहयोग र त्यसअनुसार संसाधन जुटाउन प्रेरित गर्छ । सन् २०१५ पछि पनि विकास लक्ष्यहरू चुनौतीपूर्ण रहनेछन्, विकास साझेदारहरूले जलवायु परिवर्तन र वित्तीय संकटजस्ता चुनौतीहरूलाई ध्यान दिँदै-दिँदै विकासमा सहभागी हुनेछन्," सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले भने ।

अध्यनको उद्देश्यबारे बोल्दै युरोपेली युनियन विकास नीतिका सल्लाहकार डा. जेम्स म्याकिले, अध्ययनले सहस्राब्दी विकास लक्ष्य पूरा गर्न गर्ने क्रममा प्राप्त उपलब्धिहरूको मूल्यांकन गर्दै यो अनुभवलाई सन् २०१५ पछिको विकास एजेन्डामा राखिने बताए । उनले विकासमा युरोपेली रिपोर्टका लागि नेतृत्वदायी भूमिका खेलेका छन् । "यसले भविष्यको विकासका संरचना तयार गर्न सुझाव दिएको छ," म्याकिले भने । अध्ययन मुख्य गरी सहायता र वित्तीय सहयोग, व्यापार र लगानी तथा आप्रवासनका विषयमा केन्द्रित छ ।

यो प्रतिवेदन चौथो संस्करण हो र यसले विकास पद्धतिमा अनुसन्धान र नीति निर्माणसम्बन्धी अध्ययनमा केन्द्रित छ । "सहस्राब्दी विकासका लागि सन् २०१५ नजिक आइसकेको छ तर लक्ष्यहरू भने पूरा भएका छैनन् । सन् २०१५ पछिको विकास ढाँचा र सहायता परिचालनका बारेमा धारणा बनाउन यो उपयुक्त समय हो," युरोपेली संघ प्रतिनिधिमण्डका अपरेसन प्रमुख लुइस नाभारोले भने । उनले सन् २०१५ पछि विकास सहायतामा पुराना र नयाँ दातृ निकायको सहयोग ढाँचा बनाउनुपर्ने बताए ।

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले दातृ निकायहरू, पूर्वाधार सुविधा जुटाउने विकास सहायतामा केन्द्रित हुनुपर्ने बताए । "सबैभन्दा पहिले आर्थिक विकासको वातावरण तयार गर्नुपर्छ । जसले गर्दा देशभित्रको राजस्वलाई सामाजिक संरक्षण र मानव सुरक्षामा लगाउन सकिन्छ," उनले भने, "विकासका लागि प्रविधि र बजार सानो भएकाले यसमा विकास साझेदारहरूले सघाउनुपर्छ ।"

सावतीका कार्यकारी निर्देशक डा. रत्नाकर अधिकारीले वैदेशिक सहायतालाई उत्पादनमूलक क्षेत्रमा केन्द्रित गर्दै व्यापारमा वैदेशिक सहायता तथा जलवायु परिवर्तनमा कुल राष्ट्रिय आयको ०.७ प्रतिशत लगानी पुऱ्याउनुपर्ने बताए । उनले विकास परियोजनाका सरकारी कर्मचारीहरूलाई समय-समयमा परिवर्तन गर्नु नहुनेमा जोड दिए । "हाम्रो खर्च गर्ने क्षमता वृद्धि गर्न र मूल्यांकन प्रणालीलाई स्तरोन्नति गर्न आवश्यक छ," उनले भने ।

सेन्टर फर द स्टडी अफ लेवर एन्ड मोबिलिटीकी अनुसन्धान कार्यक्रम निर्देशक डा. बन्दिता सिजापतिले रेमिट्यान्सको उत्पादनमूलक क्षेत्रमा उपयोग र आप्रवासीको अधिकार सुरक्षाका लागि क्षेत्रीय तथा विश्वव्यापी पहलमा जोड दिइन् ।